# लमजुङ मिडिया एक्सप्रेस प्रा.लि.संगको सहकार्यमा
# राइनास नगरपालिकाकाले गरेको सेवाग्राहि सर्वेक्षण प्रतिवेदन
# २०७८

राइनास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तिनपिप्ले, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

## राइनास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## तीनपिप्ले, लमजुङ

**राइनास नगरपालिका, तिनपिप्ले लमजुङको**
**सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपूर्व गरिएको नागरिक सर्वेक्षण प्रतिवेदन**

नगरपालिकाबाट संचालित कार्यक्रम, उपलब्ध सेवा, वस्तु र सुविधा सार्वजनिक गरी त्यस्ता विषयका सम्वन्धमा सार्वजनिक थलोमा सेवाग्राही नागरिकले उठाएका प्रश्नहरुमा स्पष्टता ल्याउने र नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्न तथा जिम्मेवार संस्कार बसाउने उद्देश्यले सार्वजनिक सुनुवाई कार्यक्रम गरिएको हो ।

नगरपालिकाकालाई पारदर्शी, जवाफदेही तथा जिम्मेवार बनाउँदै यहाँबाट प्रवाह गरिने सेवालाई थप प्रभावकारी र गुणस्तरीय बनाउन सार्वजनिक सुनुवाई कार्यक्रम एक प्रभावकारी औजारको रुपमा लिइन्छ । सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण कार्यक्रमले सेवाग्राहीको मनोभावना बुझ्न तथा उनीहरुसंगको सम्बन्ध समधुर बनाउन भूमिका खेल्छ ।

स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ अनुसार नगरपालिकाले बर्षमा तीन पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्छ । कार्यालयले दिने सेवा सुविधा तथा कार्यक्रमलाई नागरिकहरु समक्ष प्रस्तुत गर्नुको साथै सेवाग्राहीहरुको सुझाव, सल्लाह ग्रहण गर्नु पालिकाको दायित्व हो । तेस्रो पक्ष (मिडियाकर्मी) बाट सार्वजनिक सुनुवाई कार्यक्रम गराएर पालिकाले नागरिकहरु माझ अझ बढी जिम्मेवार रुपमा प्रस्तुत भएकोछ । यसअघि कोराना संक्रमणका कारण हुन नसकेको सार्वजनिक सुनुवाई कार्यक्रम कार्यकालको अन्तिम समयमा भनेपनि राख्नुले पालिका नागरिकहरुको जनचासोप्रति जिम्मेवार रहेको देखाउँछ ।

सार्वजनिक सुनुवाई गर्नुपूर्व सेवाग्रहीहरुसंग सन्तुष्टी, असन्तुष्टी फारम, बर्हिगमन अभिमत फारम भरेर सेवाप्रदायक प्रतिको उनीहरुको भोगाई, रायसुझाव संकलन गरिएको छ ।

**सेवाग्राहीहरुसँग भेटेर फारम भरिएको विवरण :**

- ३५ जना सेवाग्राहीहरु संग सन्तुष्टी असन्तुष्टी फारम भरिएको छ ।
- लिङ्गका आधारमा २० जना पुरुष र १५ जना महिला रहेका छन् ।
- जतिगत आधारमा ब्राम्हण ९, क्षत्री ११, जनजाति ११, दलित ४ जना रहेका छन् ।
- साक्षरताका आधारमा अधिकांश साक्षर रहेका छन् । साधारण लेखपढ देखि स्नातक तहसम्म अध्ययन गरेका सेवाग्राहीहरुसंग भेटेर फारम भरिएको थियो ।
- पेशागत आधारमा किसान, शिक्षक, विद्यार्थी, व्यवसायी, विभिन्न उपभोक्ता समितिका पदाधिकारी, राजनीतिक दलका नेता कार्यकर्ताहरुसंग सेवा सन्तुष्टी फारम भरिएको छ ।
- उमेर समूहमा २० देखि ६५ वर्ष उमेर सम्मका सेवाग्राही सहभागी भएका छन् ।

MEDIA Express (P.) LTD

- ❖ समग्रमा सन्तुष्टी असन्तुष्टी फारम ३५ जना र बहिर्गमन अभिमत फारम १५ जनासँग गरि ५० जना सेवाग्राहीसँग सेवाप्रदायक प्रतिको उनीहरुको भोगाई राय सल्लाह सुझाव संकलन गरिएको छ ।
- ❖ बहिर्गमन फारम भरिएका सेवाग्राहीहरुसंग निम्नअनुसारको तथ्याङ्क संकलन गरिएको छ ।
  - ✓ सिफारिस लिन आएका
  - ✓ योजना माग गर्ने
  - ✓ योजना तथा कार्यक्रमबारे जानकारी लिन आएका
  - ✓ भुक्तानी लिन आएका
  - ✓ प्राविधिक मुल्याङ्कन गराउन आएका

**सेवाबाट कत्तिको सन्तुष्ट भए भन्ने तथ्याङ्क यस्तो छ :**

**१) सेवा लिन को संग सम्पर्क गर्ने भन्नेमा तपाईंलाई स्प्रष्ट जानकारी भयो ?**

अति स्प्रष्ट २० जना

ठिकै १२ जना

अस्प्रष्ट ३ जना

**२) सेवाप्रदायक कर्मचारीले तपाईंको आवश्यकता र अपेक्षा कति बुझेजस्तो लाग्यो ?**

अति धेरै १०

ठिकै २०

अस्प्रष्ट ५ जना

**३) तपाइँप्रति सेवा प्रदायक कर्मचारीले कस्तो ब्यबहार गरे ?**

मिलनसार र मैत्रीपूर्ण १४

ठिकै २० जना

अमर्स्यादित, अभद्र १ जना

**४) सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाणपत्र, कागजात, शुल्क र दस्तुर) बारे सेवाप्रदायक जनप्रतिनिधि/कर्मचारीहरुले स्प्रष्ट पारे की पारेनन ?**

अति स्प्रष्ट गरिदिए : २५

ठिकै: १०

अलमल हुनेगरि जवाफ दिए : ०

**५) तपाइँले राख्नुभएका समस्यालाई के कस्तो समाधान दिए ?**

अति सजिलो तरिकाबाट : २०

ठिकै: १०

खासै समाधान दिएनन् : ५

**६) सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के कस्तो लाग्यो ?**

MEDIA Express (P.) LTD

अति सजिलो : १७
ठिकै: १३
लामो झन्झटिलो : ५

(सन्तुष्टी वा असन्तुष्टी जनाउने )

**१) सेवाको सन्तुष्टी**

**क) तपाईंले यस कार्यालयबाट समग्रमा कत्तिको सन्तुष्टी पाउनुभयो ?**

सन्तुष्ट : १८
ठीकै : १६
असन्तुष्ट : १

**ख) सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाइँ कतिको सन्तुष्ट हुनुहुन्छ ?**

सन्तुष्ट : २०
ठीकै : १२
असन्तुष्ट : ३

**२) सेवाको नियमितता**

**क) नागरिक बडापत्रमा उल्लेख भएअनुसार तपाइँले प्राप्त गर्नुपर्ने सेवामा लागेको समयप्रति कतिको सन्तुष्ट हुनुहुन्छ ?**

सन्तुष्ट : २२
ठीकै : १०
असन्तुष्ट : ३

**ख) कार्यालय नियमित रुपमा (कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कत्तिको विस्वस्त हुनुहुन्छ ?**

सन्तुष्ट : २६
ठीकै :७
असन्तुष्ट : २

**ग) तपाइँले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नुभयो ?**

तिरको छैन : ३५
एकदमै कम : ०
धेरै : ०

**घ) पालिकाले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ ?**

१ दिन : २४
२ दिन : ६
धेरै दिन : ५

**३) सेवाप्रतिको जनविश्वास**

MEDIA Express (P.) LTD

**क) यस संस्थाले दिने सेवाप्रति तपाइँ कतिको विस्वस्त हुनुहुन्छ ?**

विस्वस्त : १७

ठीकै : १५

अविश्वास : ३

**ख) तपाइँ यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?**

आफैं : ३०

ठुलाबढाको : २

मध्यस्थकर्ता : ३

**४) सेवा सम्बन्धी  जानकारी**

**क) कार्यालयको भौतिक अबस्था कस्तो छ ?**

अति राम्रो : १८

ठीकै : १३

नराम्रो : ४

**ख) कार्यालयमा भएको नागरिक बडापत्रबारे तपाइँलाई जानकारी छ ?**

छ : २७

आंशिक जानकारी छ : ५

कुनै जानकारी छैन : ३

**ग) कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?**

अति राम्रो : २२

ठीकै : ११

खासै राम्रो छैन : २

**५) सिफारिस सम्बन्धी**

**क) सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनुभयो ?**

पाएँ : ३०

ठीकै पाएँ : ३

स्प्रष्ट पाइँन : २

**ख) सिफारिसका लागि लाग्ने दस्तुरबाहेक अतिरिक्त रकम दिनुपर्‍यो ?**

दिएँ : ०

थोरै दिएँ : ०

मागिएन र दिइएन पनि : ३५

**ग) राजश्व, शुल्क तथा दस्तुर को कोसंग उठाउँछन् ?**

सबैसंग कर उठाउँछन : ३५

सीमित व्यक्तिसँग मात्र कर उठाउँछन : ०

धेरै वक्यौता रहने गरेको छ : ०

MEDIA Express (P.) LTD

**६) पूर्वाधार तथा सरसफाई सम्बन्धी**

क) कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?

राम्रो : २५

ठीकै :७

खराब : ३

**ख) गाउँपालिकाले सरसफाई तथा जनस्वास्थ्य सम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ?**

नियमित र राम्रोसंग : १३

ठीकै गर्छ : १७

नियमित रुपमा गर्दैन : ५

**ग) तपाईँको गाउँपालिकामा विकास निर्माणको अवस्था कस्तो छ ?**

राम्रो : १०

ठीकै : १५

खराब : ५

**घ) सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?**

प्रभावकारी छन् : १०

ठीकै छन् : १५

प्रभावकारी छैनन् : ५

**ङ) योजनाको विल भुक्तानी दिने व्यवस्था कस्तो छ ?**

सहज : १०

ठीकै : १५

अप्ठेरो : ५

च) योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?

पर्दैन : ३२

मागेरै लिन्छन: ०

रकम नदिए अप्ठेरो पार्छन : ३

**छ) योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनुभयो ?**

सजिलै पाइयो : १०

कहिलेकाँही पाइयो : १५

माग गर्दापनि पाइएन : ५

**ज) विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ?**

सजिलै पाइन्छ : १३

सोधेपछि पाइन्छ : १७

सोधेपनि पाइदैन : ५

**झ) स्थानीय तहको आचारसंहिता तथा अधिकार पालना भएको छ ?**

MEDIA Express (P.) LTD

पालना भएको छ : १७

ठिकै पालना भएको छ : १५

कत्तिपनि पालना भएको छैन् : ३

**ञ) योजना सञ्चालन गर्दा गाउँपालिकाबाट कत्तिको सहयोग पाउनुभएको छ ?**

धेरै सहयोग पाएको छु : १०

ठीकै सहयोग पाएको छु : १८

निरुत्साहित गरिन्छ :७

**७) आर्थिक अबस्था**

**क) आर्थिक श्रोत कस्तो छ ?**

आवश्यकश्रोत उपलब्ध छ : १८

कमश्रोत उपलब्ध : १२

अति कम श्रोत उपलब्ध : ५

**ख) आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ?**

टाँसेको देखेको छु :७

कहिलेकाँही टाँसेको देखिन्छ : ८

कतै देखिएन : २०

**८) पारदर्शिता सम्बन्धी**

**क) गाउँपालिकामा अहिलेसम्म कतिवटा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भए ?**

एउटा : ५

दुईवटा वा बढी : २५

कार्यक्रमबारे कुनै जानकारी छैन् : ५

**ख) अहिलेसम्म कतिवाटा समाजिक परीक्षण कार्यक्रम सम्पन्न भए ?**

धेरै :७

कम : ३

भएकै छैन : २०

**ग) बार्षिक रुपमा सामाजिक परिक्षण भएको छ ?**

भएको छ : २

अहिलेसम्म सञ्चालन भएको छैन : २३

कार्यक्रमबारे कुनै जानकारी छैन् : १०

**घ) सार्वजनिक सुनुवाईमा गरिएका सार्वजनिक प्रतिवद्धता कत्तिको कार्यन्वयन भएको छ ?**

धेरै : ८

ठीकै : २२

कम : ५

**ङ) सार्वजनिक सुनुवाईको अनुगमन गर्ने संयन्त्रको विकास भएको छ ?**

MEDIA Express (P.) LTD

संयन्त्र बनेको छ : ०
कुनै संयन्त्र बनेको छैन : १५
कुनै जानकारी छैन : २०

**च) यस कार्यालयको बार्षिक नीति, कार्यक्रम र स्रोतका बारेमा जानकारी पाउनुभएको छ ?**

धेरै जानकारी पाएको छु : १५
ठीकै जानकारी पाएको छु : १५
कम जानकारी पाएको छु : ५

**सेवाग्राहीबाट प्राप्त राम्रा पक्ष र सुधार गर्नुपर्ने पक्षहरु :**

**राम्रा पक्षहरु :**

- जनप्रतिनिधिहरु चिनेजानेका भएकाले काम गर्न सजिलो ।
- जनप्रतिनिधि र कर्मचारी एकैठाउँमा पाउँदा काम गर्न सहज ।
- गुनासो तथा समस्याको सुनुवाइ हुने गरेको ।
- कर्मचारीको व्यवहार नरम र सिष्ट भएको ।
- बैठकका निर्णयहरु वोयवसाईट मार्फत सार्वजनिक गर्ने गरिएको ।
- सोधपुछ कक्ष, नागरिक बडापत्र, गुनासो पेटिका राखिएको ।
- खानेपानी र बस्ने ठाउँको राम्रो व्यवस्था भएको ।

**सुधार गर्नुपर्ने पक्षहरु :**

- वडा तथा विषयगत कार्यालयहरुमा पर्याप्त कर्मचारीको व्यवस्था गर्नुपर्ने ।
- प्राविधिक कर्मचारीहरु पर्याप्त बनाउनुपर्ने ।
- योजनाको अनुगमन तथा गुणस्तरीयतामा ध्यान दिनुपर्ने । कमसल काम गर्नेलाई कारबाही गर्नुपर्ने ।
- कृषि तथा पशु प्राविधिकलाई प्रत्येक वडामा राख्नुपर्ने ।
- कृषि क्षेत्रमा प्राविधिक तथा अन्य सहयोग बढाउनुपर्ने ।
- नीजि आवास तथा पुर्ननिर्माण कार्यलाई सहज र छिटो बनाउनुपर्ने । पुर्ननिर्माणका प्रगतिबारे सार्वजनिक गर्नुपर्ने ।
- भूकम्पपीडितको घर पुर्ननिर्माण कार्य ढिला भएकाले यसबारे नागरिकलाई जानकारी दिनुपर्ने ।
- चेपे नदीमा प्राकृतिक स्रोत साधान (ढुङ्गा, गिटी, बालुवा) को चोरी निकासी बढेको, मापदण्ड विपरित दोहोन गरिएको पाइएकाले यस्ता कार्यहरु रोक्नुपर्ने ।
- योजना तर्जुमा गर्दा तल्लो वर्ग र किसानको वस्तीमा पुगेर समस्या पहिचान गर्नुपर्ने ।
- टुक्रे र साना योजना भन्दा ठुला योजनामा जोड दिनुपर्ने ।

MEDIA Express (P.) LTD

- सार्वजनिक सूचनाको लागि नगरपालिकाको एप र ओएवसाइट अपडेट गर्नुपर्ने ।
- पालिका तथा वडाको आय व्यय पारदर्शी हुनुपर्ने र प्रत्येक वडाले बार्षिक रुपमा सार्वजनिक गर्नुपर्ने ।
- लेखा समितिको कामलाई प्रभावकारी बनाउनुपर्ने ।
- नगरपालिकाको साथै शिक्षा, स्वास्थ्य, कृषि लगायतको सामाजिक परिक्षण गरिनुपर्ने ।
- राजश्व संकलन कार्यलाई बैज्ञानिक र व्यवहारिक बनाउनुपर्ने ।
- नगरपालिका भित्रको सडक, खानेपानी, विद्युत, इन्टरनेट, टेलिफोनलाई चुस्त बनाउन पहल गर्नुपर्ने । ब्यापारिक तथा जनघनत्वका क्षेत्रमा फ्रि वाईफाईको व्यवस्था हुनुपर्ने ।
- बजार क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गरिनुपर्ने ।
- कार्यालयहरुलाई अपाङ्गमैत्री बनाउनुपर्ने ।
- कृषि पकेट क्षेत्र, होमस्टे प्रवर्द्धन तथा  विकास, संस्कृति संरक्षण कार्यहरुमा जोड दिनुपर्ने ।
- फोहोरमैला व्यवस्थान र फोहोरको उपयोगिता सम्बन्धी तालिम तथा प्रशिक्षण दिइनुपर्ने ।
- लागुऔषध नियन्त्रण, वालविवाह, छुवाछुतलगायतका कुसंस्कार हटाउन सामाजिक आभियान सञ्चालनलाई निरन्तरता र प्रभावकारी बनाउनुपर्ने ।
- बजार तथा चोक र गाउँबस्तीहरुमा सोलार सडकबत्ति जडानलाई निरन्तरता दिनुपर्ने ।
- बजार अनुगमन तथा महङ्गी नियन्त्रणमा लाग्नुपर्ने ।
- कोरना संक्रमण रोकथाम तथा क्वारेन्टिन निर्माणमा भएका खर्च सार्वजनिक गर्नुपर्ने ।
- बेरुजु रकमबारे जानकारी दिनुपर्ने ।

MEDIA Express (P.) LTD